नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

प.सं. २०८३/८४ (विपद् व्यवस्थापन तथा सामाजिक समावेशीकरण शाखा) च.नं.: 63

मिति २०८३।०७।१२ गते

ने.सं ११४६

श्री स्थानीय तह, सबै ।

विषय: सतर्कता एवं पूर्वतयारी सम्ब्रन्धमा।

नेपाल मौषम विज्ञान विभाग तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट जारी सूचना तथा विज्ञप्ति अनुसार बंगालको खाडीमा रहेको **"अर्नब"** चक्रपात शक्तिशाली बन्दै गएकोले विशेषगरी आगामी कार्तिक १३ गते शुक्रबार र १४ गते शनिबार कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेश उक्त प्रणालीबाट बढी प्रभावित हुने साथै **उच्च पहाडी तथा हिमाली क्षेत्रहरूमा भारी हिमपात, हिमआँधी तथा हिमपहिरोको उच्च जोखिम रहेको हुदाँ** उक्त प्रणालीबाट हुनसक्ने सम्भावित जोखिम न्यूनीकरणका लागि देहायबमोजिमको सतर्कता एवं पूर्वतयारी गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ।

तपसिल:

१. पर्यटक/पदयात्री/पर्वतारोहीहरूलाई उच्च पहाडी र हिमाली क्षेत्रमा नजानको लागि सूचना सम्प्रेषण गर्नुहुन, गइसकेको भए उक्त अवधिभर सुरक्षित ठाउँमा रहने व्यवस्था गर्नु गराउनुहुन,

२. उक्त अवधिमा अन्नबाली काट्ने, भित्र्याउने लगायतका कुनैपनि कार्यहरू नगर्न नगराउन वडा/समुदायस्तरमा तत्काल सूचित गराउनुहुन,

३. जोखिमयुक्त स्थानमा बसोबास गर्ने व्यक्ति एवं परिवारलाई विपद् प्रतिकार्य गर्नुपूर्व नै सुरक्षीत स्थानमा स्थानान्तरण गर्नु गराउनुहुन,

४. सम्भाव्य विपद् जोखिमको प्रतिकार्यका लागि आवश्यक पर्ने स्रोतसाधनहरू तयारी अवस्थामा राख्नुहुन,

५. आवश्यकताअनुसार स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको बैठक बसी सतर्कता एवं पूर्वतयारी गर्नुहुन,

६. जिल्ला प्रशासन कार्यालय, प्रदेशस्तरीय निकाय तथा सङ्घीय मन्त्रालय/निकायहरूबाट प्राप्त निर्णय, सूचना तथा जानकारीको पूर्णरूपमा कार्यान्वयन तथा प्रणालीको प्रभावका सम्बन्धमा नियमित समन्वय गर्नुहुन।

पुनश्च: उक्त प्रणालीबाट उच्च पहाडी तथा हिमाली क्षेत्रहरु बढी प्रभावित हुने देखिएकोले सो अवधिभर उक्त क्षेत्रका स्थानीय तहले पदयात्रा, पर्वतारोहण तथा भ्रमण/अवलोकनसँग सम्बन्धित कुनै पनि क्रियाकलाप हुन नदिने व्यवस्था मिलाउनुहुन, सोहि बमोजिम सूचना प्रवाह गर्नुहुन तथा जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति र प्रमुख जिल्ला अधिकारीसँगको समन्वयमा सम्भावित विपद् प्रतिकार्यका लागि तयारी अवस्थामा रहनुहुन समेत अनुरोध छ।

२०८३।७।१२

(नविन रेग्मी)

शाखा अधिकृत